# शहिद लखन  गाउँपालिका

# लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७९


शहिद लखन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पिपलछाप, घैरुंग, गोरखा

ईमेलः sahidlakhanrm@gmail.com

वेबसाईटः https://shahidlakhanmun.gov.np

## सल्लाहकार समिति

श्री रमेश बाबु थापा मगर, गाउँपालिका अध्यक्ष

श्री ईन्दिरा तिवारी, गाउँपालिका उपाध्यक्ष

श्री जीवन बहादुर आले मगर, प्रमुख प्रशासकीय अधिकृत

श्री हिमलाल चापागाई, प्रशासन शाखा प्रमुख

श्री सन्तोष लामिछाने, लेखा अधिकृत

## आर्थिक सहयोग

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP)

नदीपुर, पोखरा

शहिद लखन गाउँपालिका, गोरखा

## बिषयसूची


बिषयसूची ........ II

भाग - १ ........ 1

परिचय ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ लैससास रणनीतिको अवश्यकता तथा महत्व ........ ३

१.३ विगतका व्यवस्था तथा प्रयासहरु ........ ३

भाग - २ ........ ५

लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७९ ........ ५

२.१ नाम र प्रारम्भ ........ ५

२.२ परिभाषा ........ ५

२.३ दीर्घकालिन सोच ........ ८

२.४ उद्देश्य ........ ९

२.५ लैससास नीति र रणनीतिहरु ........ ९

२.५.१ मूलप्रवाहीकरण ........ ९

२.५.२ सशक्तीकरण ........ १०

२.५.३ क्षमता विकास ........ १०

२.५.४ समन्वय, सहकार्य र सहजीकरण ........ १०

२.५.५ अनुगमन तथा मूल्याङ्कन र सुशासन ........ १०

२.६ कार्यनीति ........ ११

२.६.१ कार्यनीति (रणनीति २.५.१ क संग सम्बन्धित) ........ ११

२.६.२ कार्यनीति (रणनीति २.५.१ ख संग सम्बन्धित) ........ १३

२.६.३ कार्यनीति (रणनीति २.५.२ क संग सम्बन्धित) ........ १४

२.६.४ कार्यनीति (रणनीति २.५.३ क संग सम्बन्धित) ........ १६

२.६.५ कार्यनीति (रणनीति २.५.३ ख संग सम्बन्धित) ........ १७

२.६.६ कार्यनीति (रणनीति २.५.४ क संग सम्बन्धित) ........ १८

२.६.७ कार्यनीति (रणनीति २.५.५ क संग सम्बन्धित) ........ १८

२.६.८ कार्यनीति (रणनीति २.५.५ ख संग सम्बन्धित) ........ १९


शहिद लखन गाउँपालिका, गोरखा

२.७ लैससास कार्यान्वयनको लागि समितिहरु गठन, परिचालन र जिम्मेवारी ..................................... २०

२.७.१ गाउँपालिका लैससास कार्यान्वयन समिति गठन ..................................... २०

२.७.२ लैससास कार्यान्वयन समितिको काम, कर्तब्य र अधिकार ..................................... २०

२.७.३ वडास्तरीय समिति ..................................... २१

२.७.४ वडा स्तरीय समितिको काम, कर्तव्य र अधिकार ..................................... २१

२.७.५ लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको परिचालन ..................................... २२

२.८ अनुगमन तथा मूल्यांकन ..................................... २२

२.९ रणनीति पूनरावलोकन र संशोधन ..................................... २२

शहिद लखन गाउँपालिका, गोरखा

## भाग - १
# परिचय

### १.१ पृष्ठभूमि

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवम् बहुसांस्कृतिक देश हो । प्रत्येक समुदाय, जातजातिहरुको समानुपातिक , सन्तुलित र न्यायसंगत प्रगति हुन सके मात्रै मुलुकमा दिगो शान्ति र उन्नति प्रत्याभूत हुन्छ। समाजका हरेक महिला, पुरूष तथा बञ्चितिकरणमा परेका वर्गहरुका सरोकारका कुराहरू र अनुभवहरूलाई राजनैतिक, आर्थिक तथा सामाजिक सवै क्षेत्रका नीति-नियम तथा कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन र अनुगमन मूल्याङ्कनको एक अभिन्न आयाम बनाउन लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) को कार्यान्वयन महत्वपूर्ण रहन्छ। यसबाट महिला, पुरुष तथा बञ्चित वर्गहरुले समान फाइदा प्राप्त गर्दछन् र असमानता रहँदैन।

नेपालमा विगत दुई दशक देखि क्रमिकरूपमा नीतिगत परिवर्तन र उल्लेख्य सुधारहरू भएका छन् । नेपालको संविधान ,२०७२ को प्रस्तावनामा नै लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई आत्मसात गरिएको छ भने यसलाई मौलिक हक र राज्यका निर्देशिक सिद्धान्तहरुमा पनि व्याख्या गरिएको छ। नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्यहरु र विभिन्न कानूनी दस्तावेजहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका मुद्दाहरूलाई सम्बोधन गर्दै राष्ट्रिय प्राथमिकतामा राखिएको छ । त्यस्तैगरी यसको धारा ३८ ले मौलिक हक अन्तर्गत महिलाको हक, धारा ४२ ले सामाजिक रूपले पछाडि परेका समुदाय तथा वर्गलाई समावेशी सिद्धान्तका आधारमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक हुने उल्लेख गरी सामाजिक न्यायको हक तथा धारा ४३ ले आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका एकल महिला लगायतलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक सुनिश्चित गरेको छ । माथि उल्लेखित प्रावधानहरूलाई कार्यान्वयन गर्न स्थानीय सरकारलाई संविधानमै उल्लेख गरी विभिन्न काम, कर्तव्य र अधिकार प्रदान गरी ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरू सहित सुकुम्बासी ब्यवस्थापन गर्न लक्षित समूह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन, सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याङ्क र सूचना व्यवस्थापन नियमन गर्ने कुराहरू उल्लेख गरिएको छ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कायम गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय तहले आफ्नो क्षेत्रका विकासका लागि आवधिक र बार्षिक योजना तर्जुमा गर्दा रणनीतिगत



CTRaDe

दिर्घकालिन योजना बनाई लाग्नु पर्ने  कानुनी दायित्व व्यवस्था गरेको र साथै योजना बनाउँदा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धि अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्ने साथै महिला र बालबालिका तथा पिछडिएको समुदायको विकासको लागि आयमूलक तथा सीपमूलक कार्यक्रमहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ।

संघीय सरकारको पन्ध्रौ योजना २०७६ आर्थिक वर्ष)/०७७ (क) को आधारपत्रमा (०८१/२०८० - लैङ्गिक समानता तथा महिला सशक्तिकरण, (ख जेष्ठ (ग) बालबालिका तथा किशोरकिशोरी (नागरिक (घ) समावेशीकरण लगायतका विषयहरुलाई छुट्टै (च) सामाजिक सुरक्षा तथा संरक्षण (ङ) अपाङ्गता भएका व्यक्ति शिर्षकका रुपमा राखिएको छ। तथापि विभिन्नसामाजिक समूहका मानिसको विकास सूचकहरूमा र राजनीतिक तथा प्रशासनिक शक्तिको पहुँचमा व्यापक अन्तर रहेको पाइन्छ। यसै कार्यलाई गाउँपालिकामा कार्यान्वयन गर्न महिला तथा बञ्चितीमा परेको वर्गहरुलाई विकासको मूलप्रवाहमा ल्याई समावेशी विकास गर्न विभिन्न सरोकारवाला निकायहरुले विभिन्न प्रयास गर्दै आइरहेका छन्। विकेन्द्रित प्रकृया अनुरुप स्थानीय स्तरको योजना र कार्यक्रम तर्जुमाका सबै चरणमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण एवम् मूलप्रवाहीकरणका प्रकृयामा आवश्यक समन्वय कायम गराउनुका साथै सहकार्यका लागि प्रतिवद्धता व्यक्त भएका छन्।

संविधानद्वारा प्रदत्त हकहरुको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीका आधारमा राज्य संरचनाका सबै अङ्गहरूमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मजदूर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधता बिचको असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक समूहको विकास सूचकहरूमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्यून गर्न आवश्यक रहेको छ।

तसर्थ यससंग सम्बन्धित कुनै पनि पक्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण पक्षबाट हेर्नु पर्दछ। संविधानले प्रदत्त गरेका प्रावधानहरूको आधारमा अधिकारहरूको व्यवस्थापन तथा राज्य व्यवस्थापन र सञ्चालन हुने भएको हुँदा संविधानमा महिला तथा समावेशीकरणका सवालहरू कसरी राखिएको छ भन्ने विषय निकै महत्वपूर्ण  हुन्छ।

लैससासका सवालहरूलाई संघीय सरकारले नीतिगत तथा कानूनी सुधार गर्दै लगिरहेको सन्दर्भमा स्थानीय सरकारद्वारा संचालन हुने योजना तथा कार्यक्रमलाई लैससास मैत्री बनाउन, संवैधानिक एवं कानूनी प्रावधान तथा सरकारले गरेको अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र प्रदेश सुशासन ऐन् २०७६

को दफा ४३ ले दिएको अधिकार, प्रयोग गरी गण्डकी प्रदेश सरकारले लैससास निर्देशिका, २०७७ मा भएको व्यवस्था अनुसार स्थानीय स्तरमा लैससास मूलप्रवाहीकरण सुनिश्चित गर्दै समावेशी विकास र स्थानीय शासन प्रणालीमा लैससासलाई संस्थागत गर्नका लागि सबै स्थानीय तहमा लैससास मूलप्रवाहिकरण रणनीति निमार्ण गर्न पर्ने देखिएको छ।

### १.२ लैससास रणनीतिको अवश्यकता तथा महत्व

गाउँपालिकामा लैससास सम्बन्धमा देखिएका समस्या र चुनौतिको समाधान गर्न देहायका कारणले लैससास रणनीति आवश्यक रहेको छः

क) सामाजिक असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक समूहको विकास सूचकहरूमा भएका कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्यून गर्ने कार्यलाई संस्थागत गर्न।

ख) लैससासका सवालहरूलाई संघीय सरकारलेनीतिगत तथा कानूनी सुधार गर्दै लगिरहेको सन्दर्भमा स्थानीय सरकारद्वारा संचालन हुने योजना तथा कार्यक्रमलाई लैससास मैत्री बनाउन, संवैधानिक एवं कानूनी प्रावधान तथा सरकारले गरेको अन्तर्राष्ट्रिय प्रतिबद्धताहरुलाई स्थानीयकरण गरी कार्यान्वयन गर्न।

ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र प्रदेश सुशासन ऐन २०७६ को दफा ४३ ले दिएको अधिकार, प्रयोग गरी गण्डकी प्रदेश सरकारले लैससास निर्देशिका, २०७७ मा भएको व्यवस्था अनुसार स्थानीय स्तरमा लैससास मूलप्रवाहीकरण सुनिश्चित गर्दै समावेशी विकास र स्थानीय शासन प्रणालीमा लैससासलाई संस्थागत गर्न।

### १.३ विगतका व्यवस्था तथा प्रयासहरु

सहिद लखनको गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रमहरुले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्दै जाने नीति तथा कार्यक्रमहरु तर्जुमा गर्ने अभ्यास, गाउँपालिकाले ऐन, नियम र कार्यविधि तथा मापदण्ड तर्जुमा गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी (लैससास) संवेदनशील भएर बनाउने प्रयास, वार्षिक योजना तर्जुमा गर्दा लैङ्गिक तथा समावेशी सहभागीतालाई जोड दिदै योजना तथा कार्यक्रमहरु गर्दै आएको छ। स्थानीय उपभोक्ता समितिहरुमा कम्तिमा ३३ प्रतिशत महिलाको सहभागिता भएको छ। गत आ.व. मा सेवा सुविधामा पहुँच नभएका समुदायहरुका लागि घुम्ति शिविर संचालन भएको छ। त्यसै गरी योजनामा लैङ्गिक तथा सामाजिक रुपमा बहिष्करणमा परेका व्यक्ति र समुहको उत्थानका लागि तर्जुमा गरिएका कार्यक्रम तथा वजेटको कार्यान्वयन आंशिक रुपमा रहेको छ।

समुदायमा जातीय विभेद र छुवाछुत हटाउन बिभिन्न आर्थिक बर्षका योजना तथा बजेटहरुको समिक्षा गर्दा आर्थिक बर्ष २०७६/७७ को बजेट नीति तथा कार्यक्रममा सबै वर्ग र क्षेत्रका महिला, लैगिंक तथा जातीय अल्पसंख्यकको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तिकरण गर्दै उनीहरुको मूलभूत अधिकार सुनिश्चित गर्दै जाने, लैङ्गिकतामा आधारित हिंसा र भेदभावको अन्त्य गर्न आवश्यक कदम चाल्ने, राजनीतिक, आर्थिक, सार्वजनिक लगायत सम्पूर्ण निर्णायक तहमा महिला, बञ्चितिकरणमा परेका वर्गहरुको सार्थक र समान पहुँचका लागि समान अवसरहरुको सिर्जना गर्नमा जोड दिने, महिलाहरुका लागि समन्वयात्मक रुपमा रोजगारी तथा स्वरोजगारी सृजना गर्न आयमूलक, सीपमूलक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने, एकल महिलाहरु तथा पुरुषहरुले भोग्दै आएका सामाजिक तथा आर्थिक कठिनाइहरु कम गर्न एकल महिला प्रति समाजले गर्ने व्यवहार सुधार गर्ने कार्यक्रमका साथै स्वरोजगार मूलक तालिम, सीप हस्तान्तरण कार्यक्रम संचालन गरिने लगायत व्यवस्था गरिएको थियो ।

त्यसै गरी आर्थिक बर्ष २०७७/७८ मा पनि बार्षिक नीति तथा कार्यक्रममा लैससासका सवालहरुलाई सम्बोधन गर्ने प्रयास गरिएको थियो । गाउँपालिकाले लैंगिक तथा सामाजिक समावेशीकरण उत्तरदायी बजेट तर्जुमा प्रक्रिया अवलम्बन गर्ने र राष्ट्रिय नीति तथा कानुनहरु र अन्तर्राष्ट्रिय सन्धी सम्झौताहरु अनुसारका कार्यक्रमहरु स्थानीयकरण गर्ने नीति लिएको थियो । महिला तथा बालबालिका माथि हुने घरेलु हिंसा, सार्वजनिक स्थलमा हुने हिंसा, श्रम शोषण, बालबिबाह, बहुबिबाह, मानव बेचबिखन, शारिरीक र मानसिक यातना लगायतका सबैखाले हिंसाको अन्त्य गर्ने नीति लिएको थियो । यसै अनुरुप बार्षिक योजना तथा कार्यक्रमहरुमा बजेट बिनियोजन गरी कार्यान्वयन भएको थियो ।

आर्थिक बर्ष २०७८/७९ मा पनि गत आर्थिक बर्षका लैससास सम्बन्धी नीतिहरुलाई निरन्तरता दिँदै महिला तथा बालबालिका माथि हुने सबै किसिमका हिंसाजन्य कार्यहरु, समाजमा बिद्यमान हानीकारक अभ्यासहरु तथा कुरीतिहरुको न्यूनिकरण गर्नको लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिईएको थियो ।

माथिका समिक्षाबाट यस गाउँपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरुलाई सम्बोधन गर्न निरन्तर पहलहरु भएको पाईएको छ । यसको अलवा केही नीति तथा कानुनहरु र कार्यक्रमहरुलाई रणनीति गतरुपमा निरन्तरता दिनको लागि एक मार्गदर्शक दस्तावेजको रुपमा लैससास रणनीति तयार गरी लागू गर्ने जमर्को यस गाउँपालिकाले गरेको छ ।



CTRaDe

## भाग - २
## लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७९

### २.१ नाम र प्रारम्भ

यस रणनीतिको नाम २०७९ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति"" रहनेछ र यसको प्रारम्भ यस गाउँपालिकाको कार्यपालिकाले अनुमोदन गरेको मिति देखि लागू हुनेछ।

### २.२ परिभाषा

शहिद लखन गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७९ मा प्रयोग गरिने मुख्य शब्दावलीहरुको परिभाषा देहाय अनुसार दिईएको छः

क) **"रणनीति"** भन्नाले **"शहिद लखन गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७९"** सम्झनु पर्छ।

ख) **"गाउँपालिका"** भन्नाले शहिद लखन गाउँपालिका सम्झनु पर्छ।

ग) **"लैंगिक"** भन्नाले समाजवाट निर्मित पुरुष र महिलाको भूमिका एवम् पहिचानको साथै उनीहरु बिचको सामाजिक सम्बन्धलाई सम्झनु पर्छ।

घ) **"बिपन्न"** भन्नाले नेपाल जिवनस्तर सर्वेक्षण २०६६/६७ मा गरिएको परिभाषा अनुसार औषत प्रतिब्यक्ति प्रतिदिन २२२० क्यालोरी भन्दा कम खाद्य पदार्थ उपभोग गर्ने घर परिवार एवम् ब्यक्तिलाई सम्झनु पर्छ।

ङ) **"बञ्चित समुह"** भन्नाले परांपरागत रुपमा लामो समय देखि जातीय, आर्थिक, अपांगता, यौनिक तथा लैंगिक अल्पसंख्यक एवम् आर्थिक सामाजिक कारणले पछि परेका महिला, दलित, आदिबासी जनजाति, मधेशी, मुस्लिम, अपांग बालबालिका, जेष्ठ नागरिक एवम् दुर्गम क्षेत्रमा बसोबास गर्ने नागरिकलाई सम्झनु पर्छ।

च) **"अल्पसंख्यक"** भन्नाले संघीय कानून बमोजिम निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेका जातीय, भाषिक र धार्मिक समुह सम्झनु पर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाई राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेका समुह समेतलाई जनाउँछ।

छ) **"सीमान्तकृत"** भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय

कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अति–सीमान्तीकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ।

ज) **"लक्षित वर्ग/समुह"** भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवं बालबालिका तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू (सबै जातजातिका विपन्न वर्गहरू, जेष्ठ नागरिक, यौनिक अल्पसंख्यक, आदिबासी जनजाति, मधेशी, दलित, मुस्लिम, पिछडिएको वर्ग, अपाङता भएका ब्यक्ति, अल्पसंख्यक तथा सीमान्तकृत समुह आदिको) एवं नेपाल सरकारले लक्षित समुह भनी तोकेका वर्ग एवं समुदाय सम्झनु पर्दछ।

झ) **"लैङ्गिक प्रभाव विष्लेषण"** भन्नाले नीति तथा अभ्यासहरूको परीक्षण गरेर कुनै पनि योजना कार्यक्रम तथा आयोजनावाट महिला एवम् पुरुष कत्तिको लाभान्बित भएका छन् भन्ने अवस्थाको विश्लेषण गर्ने कार्यलाई सम्झनुपर्दछ।

ञ) **"सामाजिक वञ्चितिकरणमा परेका समुहहरू"** भन्नाले महिला, बाल–बालिका, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू तथा भौगोलिक रूपले दुर्गम क्षेत्रमा बसेका जनतालाई बुझाउँदछ।

ट) **"अपांगता भएको ब्यक्ति"** भन्नाले शारिरीक दुर्बलता, बहिरा, दृष्टिबिहीन, बौद्धिक, मानसिक वा महसुस गर्ने क्षमता कमजोर भएका ब्यक्तिहरु जो सरकारले उपलब्ध गराउँने सेवा सुबिधाको पूर्ण वा सहजरुपमा उपभोग गर्न असमर्थ छन् र अपांगता भएको भनी आधिकारिक अस्पताल वा चिकित्सकवाट पुष्टी भएको ब्यक्तिलाई सम्झनु पर्छ।

ठ) **"एलजीबीटीआई"** भन्नाले समलिङ्गी महिला, समलिङ्गी पुरुष, उभय लिङ्गी, तेस्रो लिङ्गी, पहिचान भन्दा भिन्न लैंगिक रुची र ब्यवहार हुनेहरु र अपूर्ण वा द्वेत लिङ्गीलाई सम्झनु पर्छ।

ड) **"लैंगिक हिंसा"** भन्नाले फरक लिंग भएको आधारमा घरेलु हिंसा, कार्य स्थलमा हुने बिभेद, यौनजन्य दुरब्यवहार, सामाजिक कुरीति जन्य तथा बिभेदपूर्ण ब्यवहार लगायत फरक लिंग भएकै कारणले हुने हिंसा र भेदभाव सम्झनु पर्छ।

ढ) **"लैंगिक सम्वेदनशील"** भन्नाले महिला, बिपन्न र बञ्चितिमा परेकाहरुको बिषयगत क्षेत्रका स्रोत तथा अवसरहरुमा पहुँच पुगेको सूनिस्चित हुने गरी महिला तथा पुरुष र तेस्रो लिङ्गीका भिन्न आवश्यकताहरु तथा असमान शक्ति सम्बन्ध एवम् असमानताहरुलाई सम्बोधन गरिएको अवस्थालाई सम्झनु पर्छ।

ण) **"लैंगिक समानता"** भन्नाले महिला र पुरुष बिच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हाँसिल गर्ने अवस्थालाई सम्झनु पर्छ ।

त) **"लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास)"** भन्नाले महिला, पुरुष, लैंगिक अल्पसंख्यक र बिभिन्न सामाजिक समुहहरु बिचको असमान शक्ति सम्बन्धहरुलाई पूनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका ब्यक्तिहरुको लागि समान अधिकार, अवसर एवम् सम्मान सुनिस्चित गर्नको लागि आवश्यक कदम चाल्नु पर्ने बिषयलाई सम्झनु पर्छ ।

थ) **"लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण"** भन्नाले समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला र पुरुष बीचको भूमिका, सम्बन्ध, स्थान, स्तर, अवसर आदिको विश्लेषणबाट लैङ्गिक समानता तथा समावेशी विकास गर्न तय गरिएको बजेट र कार्यक्रम मार्फत तोकिएको उद्देश्य हासिल भए नभएको लेखाजोखा र परीक्षण गरी सुधारका उपाय पहिल्याउने औजारलाई सम्झनुपर्छ ।

द) **"लैङ्गिक उत्तरदायी बजेट"** भन्नाले लैङ्गिक समानताका लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषण सहित योजनाबद्ध रूपमा उद्देश्यमूलक कार्यक्रमहरू तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धतिलाई जनाउँदछ ।

ध) **"लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट"** भन्नाले स्थानीय निकायको योजना तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, लैंगिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, बाल–बालिका तथा जेष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागितामूलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरू प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेटलाई जनाउँछ । लैङ्गिक समानता तथा सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर उद्देश्यमूलक, योजनावद्ध, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलव्धिको समतामूलक वितरण र उपभोग हुने गरी गरिने बजेट तर्जुमा प्रक्रियालाई सम्झनुपर्दछ ।

न) **"सशक्तीकरण"** भन्नाले बिकासका अवसरहरुवाट बञ्चित, स्रोत र साधानमा पहुँच तथा नियन्त्रणमा पछाडि परेका असक्त वा कमजोर वर्गलाई सबल बनाउने कार्यलाई सम्झनु पर्छ ।

ऩ) **"जिविकोपार्जनको लागि सशक्तीकरण"** भन्नाले गरीब महिला तथा पुरुषहरुलाई जिबिकोपार्जनको कार्य गर्न सक्ने बनाउन र उनीहरुको सम्पत्ति र क्षमताको बृद्धि गर्ने कार्य सम्झनु पर्छ।

प) **"आवाज वा सामाजिक सशक्तीकरण"** भन्नाले आफुहरुलाई प्रभाव पार्ने संस्थाहरुमा सहभागी हुन, प्रभाव पार्ने र उत्तरदायी बनाउने कार्यमा महिला, बिपन्न र बञ्चित समुहका नागरिकहरुको अर्थपूर्ण सहभागिताको लागि उनीहरुमा अनिवार्य रुपमा आफ्नो अधिकारका पक्षमा आवाज उठाउन सक्ने, प्रभावकारी प्रतिनिधिमूलक संस्थाहरु गठन गर्ने सक्ने र परिवर्तनको लागि गठबन्धन निर्माण गर्न सक्ने क्षमता बिकास गर्ने कार्य सम्झनु पर्छ।

फ) **"खण्डीकृत तथ्यांक"** भन्नाले पुरुष तथा महिला, जातीय समुह, यौनिक एवम् लैंगिक अल्पसंख्यक समुह, अपांगता भएको ब्यक्ति र अन्य बञ्चित समुहहरुको खण्डीकृत तथ्याङ्कहरुलाई सम्झनु पर्छ।

ब) **"गरिबी नक्शाङ्कन"** भन्नाले एउटा निश्चित भू–भागमा बसोबास गर्ने घरपरिवारको गरिबी र असमानताको स्थान केन्द्रित वितरण (Spatial Distribution) बारे थाहा पाउन प्रयोग गर्ने विधिलाई सम्झनुपर्दछ।

भ) **"गैरसरकारी संस्था"** भन्नाले प्रचलित कानुन बमोजिम स्थापना भएको स्थानीय तहवाट स्वीकृति लिई स्थानीय तहमा कार्य सञ्चालन गर्ने गैर नाफामूलक संस्था सम्झनु पर्छ।

म) **"स्थानीयकरण"** भन्नाले कुनैपनि बिषय वा कार्यक्रमलाई स्थानीय तहको परिस्थिति र अवस्था अनुसार संयोजन गरी कार्यान्वयन गर्ने कार्य सम्झनु पर्छ।

य) **"मूलप्रवाहिकरण"** भन्नाले देशको विकास योजना, रणनीति, कार्यक्रम तथा संस्थागत व्यवस्थामा लैंगिक तथा सामाजिक समता तथा समानताको विषयलाई समाहित गर्ने कार्य सम्झनु पर्छ।

## २.३ दीर्घकालिन सोच

क) लैङ्गिक, जातीय र क्षेत्रीय भेदभावमूक्त, लैङ्गिक मैत्री, समाबेशी, समतामूलक, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने।

ख) लैससास सम्वन्धित समाजमा विद्यमान मुल्य, मान्यता, संस्कार र ब्यवहारमा परिवर्तन ल्याउने।

शहिद लखन गाउँपालिका, गोरखा

## २.४ उद्देश्य

यस रणनीतिको मुख्य उद्देश्य लैससास अवधारणा अनुसार गाउँपालिकाले गर्ने सम्पूर्ण विकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक स्रोतको सुनिश्चता, उपलब्धीको समतामूलक वितरण र नतिजामूखि बनाउने रहेको छ। यसका बिस्तारित उद्देश्यहरु यस प्रकार छन्:

क) गाउँपालिकाको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला तथा बञ्चितिकरणमा परेका समूहहरुलाई मूलप्रबाहीकरण गर्दै लैजाने।

ख) महिला र बञ्चितिकरणमा परेका समूहहरुको सामाजिक तथा आर्थिक सशक्तीकरण गर्ने।

ग) लैससासको प्रभावकारी कार्यान्वयन गर्न सरोकारवाला निकायहरुसंग प्रभावकारी समन्वय, सहकार्य र सहजीकरण गर्ने।

घ) गाउँपालिकाको योजना तथा कार्यक्रमहरुमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याङ्कन गर्ने र सुशासनलाई संस्थागत गर्ने।

## २.५ लैससास नीति र रणनीतिहरु

यस गाउँपालिकाको लैससाससंग सम्बन्धित नीति तथा रणनीतिको रणनैतिक पक्षहरू देहाय अनुसार प्रस्तुत गरिएका छन्:

### २.५.१ मूलप्रवाहीकरण

**नीति**

क) गाउँपालिकाका योजना तथा कार्यक्रममा महिला र बञ्चितिकरणमा परेका समूहहरुको अर्थपूर्ण सहभागिता सूनिस्चित गर्दै बिकासको मूलप्रवाहमा समाहित गरिनेछ (उद्देश्य २.४ क संग सम्बन्धित)।

ख) गाउँपालिकाले उपलब्ध गराउने सेवाहरुमा महिला तथा बञ्चितिकरणमा परेका समुह/समुदायहरुको पहुँच अभिबृद्धि गर्ने नीति लिईनेछ (उद्देश्य २.४ क संग सम्बन्धित)।

**रणनीति**

क) गाउँपालिकाको संस्थागत प्रणाली, योजना तथा बजेट र अनुगमन तथा मूल्याङ्कनमा महिला तथा बञ्चितिकरणमा परेका समुदायको अर्थपूर्ण सहभागिता अभिबृद्धि गरिनेछ।



शहिद लखन गाउँपालिका, गोरखा

ख) गाउँपालिकावाट उपलब्ध हुने सबै खालका सेवा सुबिधाहरुमा महिला तथा बञ्चितिकरणमा परेका समुदायको पहुँचको लागि कार्यक्रमहरु पहिचान गरी कार्यान्वयन गरिनेछ।

**२.५.२ सशक्तीकरण**

**नीति**

क) गाउँपालिका क्षेत्रका महिला तथा बञ्चितिकरणमा परेका समुदायको सामाजिक तथा आर्थिक सशक्तीकरण गर्ने (उद्देश्य २.४ ख संग सम्बन्धित)।

**रणनीति**

क) गाउँपालिका क्षेत्रका महिला तथा बञ्चितिकरणमा परेका समुदायको सामाजिक तथा आर्थिक सशक्तीकरणका कार्यक्रमहरु पहिचान गरी कार्यान्वयन गरिनेछ।

**२.५.३ क्षमता विकास**

**नीति**

क) गाउँपालिकाका महिला तथा बञ्चितिकरणमा परेका समुदायहरुको बिकाससंग सम्बन्धित क्रियाकलापहरुमा अर्थपूर्ण सहभागिता र श्रोत साधानमा पहुँच बृद्धिको लागि सचेतना अभिबृद्धि तथा क्षमता बिकासका कार्यहरु गर्ने (उद्देश्य २.४ ख संग सम्बन्धित)।

ख) गाउँपालिका तथा सेवा प्रदायक सरोकारवाला संस्थाहरुलाई लैससास प्रति उत्तरदायी र जवाफदेही बनाउन योजनाबद्ध रुपमा क्षमता अभिबृद्धि गर्ने (उद्देश्य २.४ ख संग सम्बन्धित)।

**रणनीति**

क) गाउँपालिकाका महिला तथा बञ्चितिकरणमा परेका समुदायहरुको बिकाससंग सम्बन्धित क्रियाकलापहरुमा अर्थपूर्ण सहभागिता र श्रोत साधानमा पहुँच बृद्धिको लागि सचेतना अभिबृद्धि तथा क्षमता बिकासका कार्यक्रमहरु पहिचान गरी कार्यान्वयन गरिनेछ।

ख) गाउँपालिका तथा सेवा प्रदायक सरोकारवाला संस्थाहरुलाई लैससास प्रति उत्तरदायी र जवाफदेही बनाउन क्षमता बिकासका क्रियाकलापहरु पहिचान गरी कार्यान्वयन गरिनेछ।

**२.५.४ समन्वय, सहकार्य र सहजीकरण**

**नीति**

शहिद लखन गाउँपालिका, गोरखा



CTRaDe

क) लैससास नीति प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि आन्तरिक र बाह्य सवै सरोकारवालहरु सँग नियमित र प्रभावकारी समन्वय, सहकार्य र सहजीकरण गरिनेछ (उद्देश्य २.४ ग संग सम्बन्धित)।

**रणनीति**

क) लैससास सम्बन्धि विभिन्न कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न विभिन्न सरकारी, दातृ निकाय एबम् गैरसरकारी निकायहरुसंग साझेदारी तथा समन्वय गर्ने।

### २.५.५ अनुगमन तथा मूल्याङ्कन र सुशासन

**नीति**

क) सबै प्रकारका अनुगमन तथा मूल्याङ्कन प्रणालीमा लैससास उत्तरदायी दृष्टिकोण अपनाईनेछ (उद्देश्य २.४ घ संग सम्बन्धित)।

ख) गाउँपालिकामा सुशासनका सबै बिधिहरु अवलम्बन गरी लैससास बिकासलाई प्रभावकारी बनाईनेछ (उद्देश्य २.४ घ संग सम्बन्धित)।

**रणनीति**

क) गाउँपालिकाको सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याङ्कन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने।

ख) गाउँपालिकामा लैससासको प्रभावकारी कार्यान्वयनको लागि सुशासन र उत्तरदायित्व सम्बन्धी नीति तथा कानुन निर्माण गरी लागू गरिनेछ।

## २.६ कार्यनीति

### २.६.१ कार्यनीति (रणनीति २.५.१ क संग सम्बन्धित)

**रणनीतिः** गाउँपालिकाको संस्थागत प्रणाली, योजना तथा बजेट र अनुगमन तथा मूल्याङ्कनमा महिला तथा बञ्चितिकरणमा परेका समुदायको अर्थपूर्ण सहभागिता अभिबृद्धि गरिनेछ।

माथि उल्लेख गरिएको रणनीति अन्तरगत देहाय अनुसारका कार्यनीतिहरु कार्यान्वयन गरिनेछः

क) गाउँपालिकामा महिला, गरीब र बहिस्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरुको पहिचान तथा लेखाजोखा गर्ने अनुसन्धानमूलक कार्यहरु गरिनेछ।



CTRaDe

ख) लैंगिक तथा सामाजिक समावेशीकरण सूनिस्चित गर्न स्थानीय नीति, कानुन तथा कार्यबिधिहरु लैससास सम्बेदनशिल तुल्याउन आवश्यक कार्यहरु गरिनेछ।

ग) लैससास सम्बेदनशिल कार्य वातावरण र संस्कृति स्थापना गर्नको लागि अलग्गै नीति तथा रणनीति तयार गरी लागू गरिनेछ।

घ) गाउँपालिकाको संस्थागत संरचना र प्रणालीहरुलाई लैससास सम्बेदनशित तुल्याउन बनेका नीतिगत ब्यवस्थाहरुको कार्यान्वयन योजनाबद्ध रुपमा गरिने र थप ब्यवस्थाहरुको लागि नीति तथा कानुनहरुमा समयसापेक्ष तथा आवश्यकताको आधारमा संसोधन तथा परिमार्जन गरिनेछ।

ङ) गाउँपालिकामा लैससास डेस्क स्थापना र कर्मचारीको ब्यवस्था तथा उक्त डेस्कलाई प्रबिधियूक्त बनाईनेछ।

च) गाउँपालिकाले प्रवाह गर्ने प्रशासनिक तथा बिकासका सेवाहरुमा समतामूलक पहुँचको लागि आवश्यक बिधि तथा सहयोगी सन्यन्त्रहरुको ब्यवस्था गरी लागू गरिनेछ।

छ) गाउँपालिकाका आवधिक, क्षेत्रगत र बार्षिक नीति तथा कार्यक्रमहरु लैससास मैत्री निर्माण गर्नेछ ।

ज) स्थानीय तहका बिकासका कार्यक्रमहरुमा लक्षित वर्गहरुको अधिकतम् जनसहभागीता सुनिस्चित गर्न संस्थागत सयन्त्र, प्रतिनिधितत्व प्रणाली र कार्य क्षेत्रगत सर्त तयार गरी लागू गर्नेछ।

झ) गाउँपालिका तहका लैससास कार्यान्वयन समितिले स्थानीय निकायको आवधिक तथा बार्षिक योजनामा लैससास उत्तरदायी वजेट कार्यान्वयन भए नभएको सुनिस्चित गरी प्रभावकारी कार्यान्वयन गर्न पहल गरिनेछ।

ञ) लैससास उत्तरदायी वजेट तर्जुमा तथा लैससास बजेट परीक्षणलाई पूर्णरुपमा कार्यान्वयनमा ल्याईनेछ।

ट) वार्षिक योजना तथा कार्यक्रममा महिला तथा बालबालिकाका लागि छुट्टाछुट्टै राखेर उनीहरूका आवश्यकताको पहिचान गरी कार्यक्रम तथा बजेट निर्माण गर्ने ब्यवस्था लागू गरिनेछ।

ठ) सेवा प्रदायक सरोकारवालाहरुलाई लैससास उत्तरदायी वजेट विधि कार्यान्वयन सम्बन्धि ज्ञान तथा सीप विकास गर्ने।

ड) गाउँपालिकाका सेवा प्रदायक र सेवाग्राही दुबै पक्षका सरकोरवालालाई लैससास उत्तरदायी वजेट सम्बन्धि सूचना तथा जानकारी नियमित रुपमा प्रदान गर्ने प्रबन्ध गरिनेछ। यसका लागि आम सञ्चार माध्यमको प्रयोग गर्ने।



CTRaDe

ढ) स्थानीय सेवाप्रदायक निकायहरुमा संलग्न जनशक्तिको कार्यशैली लैससास मैत्री बनाउन मार्गदर्शन आचारसंहिता निर्माण गरी लागू गरिनेछ।

ण) गाउँपालिकालाई सबै खाले हिंसामुक्त तथा कुसंस्कारमुक्त घोषणा गर्नका लागि निश्चित कार्यक्रमहरूको पहिचान, योजना तर्जुमा तथा कार्यान्वयन गरिनेछ।

त) कार्यस्थल तथा सार्वजनिक तथा निजी परिवेशमा महिला हिंसा निवारणको लागि नीति, कानुन तथा योजना तयार गरी लागू गरिनेछ।

थ) गाउँपालिकाका यौन ब्यवसायमा संलग्न महिलाहरुको लागि यौनकर्मी महिला अधिकार स्थापनाका लागि प्रवर्द्धनात्मक कार्यक्रमहरु गरिनेछ।

द) लैससास सम्बन्धी तथ्यांक र सूचनालाई व्यवस्थित र आवधिक गर्ने प्रणाली स्थापित गरिनेछ।

ध) गाउँपालिकाका प्रतिबेदनहरुमा लैससास उत्तरदायी वजेट मापन तथा परीक्षणका प्रतिबेदनहरु समाबेश गर्ने व्यबस्थालाई संस्थागत गरिनेछ र यसमा भएको उपलब्धीको विश्लेषण गरी देखिएका समस्या र अन्तरहरुलाई सम्बोधन गर्ने गरी सीप तथा क्षमता विकास गरी सुधार गरिनेछ।

### २.६.२ कार्यनीति (रणनीति २.५.१ ख संग सम्बन्धित)

**रणनीतिः** गाउँपालिकावाट उपलब्ध हुने सबै खालका सेवा सुबिधाहरुमा महिला तथा बञ्चितिकरणमा परेका समुदायको पहुँचको लागि कार्यक्रमहरु पहिचान गरी कार्यान्वयन गरिनेछ।

माथि उल्लेखित रणनीति अन्तरगत देहाय अनुसारका कार्यनीतिहरु कार्यान्वयन गरिनेछः

क) खण्डीकृत तथ्याङ्क र तथ्यगत सूचनाको आधारमा सामाजिक तथा आर्थिक स्थितिको विश्लेषण गरी गरिब तथा बञ्चितिकरणमा परेका समूहको पहिचान गरिनेछ।

ख) गाउँपालिकाले पहिचान गरेका गरीब तथा बञ्चितिकरणमा परेका समुदायको रणनीतिक तथा ब्यवहारिक आवश्यकताको पहिचान गरी सोही बमोजिम स्थानीय नीति, कार्यक्रम तथा बजेट बिनियोजनको ब्यवस्था गरिनेछ।

ग) लैससास बजेट परीक्षणवाट देखिएका समस्या तथा सुधार गर्नु पर्ने पक्षहरुको बार्षिक तथा आवधिक कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ।



CTRaDe

घ) गाउँपालिकाको समग्र बिकास योजना तर्जुमा प्रक्रियामा महिला तथा वञ्चितीकरणमा परेका समुदायको लागि विद्यमान प्रावधानहरू र गाउँपालिकाको जिम्मेवारीका सम्बन्धमा सुसूचित गराउन चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने।

ङ) गाउँपालिकाले उपलब्ध गराउने सेवा सुबिधाहरुमा महिला तथा बञ्चितिकरणमा परेका समुदायको पहुँच तथा मापनको लागि हरेक योजना, आयोजना तथा कार्यक्रमको अनुगमन तथा मूल्यांकनमा लैससास कार्यान्वयन सम्बन्धमा मापन कार्य अनिवार्य गरिने र सोको बिशेष बिधि तयार गरी लागू गरिनेछ।

च) निजी तथा सार्वजनिक भौतिक संरचना निर्माण गर्दा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिका लागि निर्वाध रुपमा उपयोग गर्न मिल्ने भौतिक संरचना तयार गर्न नीति कार्यान्वयन गरिनेछ।

छ) विपन्न बर्गहरुलाई निरन्तर अभिमुखीकरण एवम् अन्तरक्रियाबाट सार्वजनिक वस्तु तथा सेवा सुविधा तथा वित्तिय स्रोतमा पहुँच अभिबृद्धि गर्ने योजना र कार्यक्रम निर्माण गरी कार्यान्वयन गरिनेछ।

ज) लैङ्गिक हिंसा निवारण कोष बिधिवत् सञ्चालन गरिनेछ।

झ) न्यायिक समितिको क्षेत्राधिकार भन्दा बाहिर पर्ने लैङ्गिक हिंसाका सवाल र मुद्दालाई सहयोग गर्ने संयन्त्र विकास गरी सञ्चालन गरिनेछ।

### २.६.३ कार्यनीति (रणनीति २.५.२ क संग सम्बन्धित)

**रणनीतिः** गाउँपालिका क्षेत्रका महिला तथा बञ्चितिकरणमा परेका समुदायको सामाजिक तथा आर्थिक सशक्तीकरणका कार्यक्रमहरु पहिचान गरी कार्यान्वयन गरिनेछ।

माथि उल्लेखित रणनीति अन्तरगत देहाय अनुसारका कार्यनीतिहरु कार्यान्वयन गरिनेछः

क) दिगो बिकासका लक्ष्यहरु बिशेष गरेर लक्ष्य ५ लैंगिक समानता प्राप्त गर्ने बिषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट बिनियोजन तथा कार्यान्वयन गरिनेछ।

ख) संयूक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धी १९८९ मा गरिएका प्रतिबद्धता कार्यान्वयन गर्न कार्यक्रमहरुमा रकम बिनियोजन कार्यान्वयन गरिनेछ।

ग) महिला तथा बञ्चितिकरणमा परेका समुदायहरुको लागि महिलालाई लैंगिक हिंसा तथा जातीय बिभेद जस्ता बिषयमा कानुनी शिक्षाका कार्यक्रमहरु टोल वा बस्तीस्तरमा कार्यान्वयन गरिनेछ।

घ) गाउँपालिकामा बालबिबाहको चलन रहेको र सो सम्बन्धमा सचेतना र नियमन गर्ने बारेमा कार्यक्रम कार्यान्वयन गरिनेछ।



CTRaDe

ङ) गाउँपालिकाका बिभिन्न समिति र नीति निर्माण तथा निर्णय तहमा महिलाको सहभागिताको सूनिस्चित गरिने र निजहरुको जिम्मेवारी सम्बन्धमा क्षमता बिकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

च) टोल बिकास संस्था, स्थानीय सहकारी, उपभोक्ता समिति तथा अन्य संघ संस्थामा महिला नेतृत्वमा प्रोत्साहन तथा नियमनको बिधि तयार गरी लागू गरिनेछ।

छ) महिलाहरुलाई संस्था सञ्चालन र नेतृत्व बिकास तालिमहरु उपलब्ध गराईनेछ।

ज) बिभेदजन्य अभ्यासहरु बिरुद्धमा सचेतना र न्यूनिकरण गर्ने कार्यहरु कार्यान्वयन गरिनेछ।

झ) सामुदायिक सचेतना केन्द्रहरुको सञ्चालन तथा महिला तथा बञ्चितिकरणमा परेका समुदायहरुको सहभागिता अभिबृद्धिको लागि कार्यक्रमहरु गरिनेछ।

ञ) लैंगिक समानता र महिला सशक्तिकरण सम्बन्धमा बिभिन्न कार्यशाला तथा कन्फिरेन्स, सार्वजनिक सुनुवाई, छलफल र वहसका कार्यक्रमहरु आयोजना गरिनेछ।

ट) हरेक पूर्वाधार योजनामा महिलालाई रोजगारी सुनिस्चित गर्ने नीति तयारी तथा लागू गरिनेछ।

ठ) गाउँपालिकाले परिकल्पना गरेको "हाम्रो भबिश्यको पहिचान र आधार, बालबालिकाको पहिचान" सम्बन्धि आवधिक कार्ययोजना तयार गरी लागू गरिनेछ।

ड) कृषि तथा निर्माण कार्यमा महिला र पुरुष श्रमिकलाई समान ज्यालाको नीति तथा कानुन तयार गरी लागू गरिनेछ।

ढ) हरेक आर्थिक बर्षमा महिलाहरुलाई सिप बिकास तालिमको आवश्यकता पहिचान गरी सोही बमोजिमका कार्यक्रमहरुमा बजेट बिनियोजन गरी कार्यान्वयन गरिनेछ।

ण) आर्थिक ऐनमा स्थानीय राजश्व संकलन तथा नियमन सम्बन्धी ब्यवस्था लैससास मैत्री बनाई लागू गरिनेछ।

त) स्थानीय सहकारीहरुमा महिला बचत तथा ऋण परिचालन कार्यक्रमलाई प्रोत्साहन गर्ने कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

थ) कृषिमा महिलालाई प्रोत्साहन गर्ने कार्यक्रमहरु जस्तै मल, बिउ र कृषि सामाग्रीहरुमा छुट तथा अनुदान, बार्षिक रुपमा महिला कृषकहरुलाई पुरस्कार तथा सिप तालिमका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

द) महिला तथा बञ्चितिकरणमा परेका समुदायलाई उद्यमशिलता बिकास तालिम तथा परामर्शसेवा, बजारीकरण तथा पूजी ब्यवस्थामा नीतिगत सुधार र नियमन आदि कार्य गरिनेछ।



CTRaDe

ध) गाउँपालिका भित्रका रोजगारीको अवसरहरुमा महिला तथा बञ्चितिकरणमा परेका समुदायको कोटा प्रणाली तोकी लागू गरिनेछ।

न) महिला स्वास्थ्य सहुलियत तथा नियमित घुम्ती सेवाहरुको बिधि तयार गरी कार्यान्वयन गरिनेछ।

ऩ) महिला तथा बिपन्न नागरिकहरुको लागि स्वास्थ्य बिमा सहयोग कार्यक्रम लागू गरिनेछ।

प) कार्यस्थलमा महिलाको लागि फरक सौचालय, स्तनपान कोठा र कार्यस्थलमा बाल हेरचाह सुविधाको ब्यवस्था लागू गरिनेछ।

प) परम्परागतरुपमा पूरुषहरुले मात्र गर्दै आएका ब्यवसायिक कामहरु जस्तै सिकर्मी डकर्मी सवारी चालक आदिमा महिलाहरुलाई प्रोत्साहन गर्ने कार्यक्रम लागू गरिनेछ।

फ) गाउँपालिकाले बिगतवाटै परिकल्पना गरेको "उपाध्यक्ष महिला उत्थान कार्यक्रम" लाई परियोजनाको रुपमा कार्यान्वयन गरिनेछ।

ब) परम्परागत र स्थानीय प्रबिधिहरुको सुधार र ब्यवसायिकरणको कार्ययोजना तयार गरी लागू गरिनेछ।

भ) महिला तथा बिपन्न परिवारलाई पर्यटन र होमस्टेसंग सम्बन्धित ब्यवसायिक क्रियाकलापहरुमा संलग्न गराईनेछ।

म) महिला र पूरुषको बिचमा समान सम्मान र जिम्मेवारी बोध गराउने कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

य) भूमि तथा आर्थिक श्रोतहरुमा महिलाहरुको समान हक र अधिकार स्थापना गर्ने कार्यहरु नियमन गरिनेछ।

### २.६.४ कार्यनीति (रणनीति २.५.३ क संग सम्बन्धित)

**रणनीतिः** गाउँपालिकाका महिला तथा बञ्चितिकरणमा परेका समुदायहरुको बिकाससंग सम्बन्धित क्रियाकलापहरुमा अर्थपूर्ण सहभागिता र श्रोत साधानमा पहुँच बृद्धिको लागि सचेतना अभिबृद्धि तथा क्षमता बिकासका कार्यक्रमहरु पहिचान गरी कार्यान्वयन गरिनेछ।

माथि उल्लेखित रणनीति अन्तरगत देहाय अनुसारका कार्यनीतिहरु कार्यान्वयन गरिनेछः

क) गाउँपालिकामा मानव संसाधन बिकास केन्द्रको स्थापना र सञ्चालन गरिनेछ।

ख) महिला तथा बञ्चितिकरणमा परेका समुदायहरुलाई स्थानीय सरकारको कार्य जिम्मेवारी र क्षेत्र, स्थानीय सरकारवाट प्राप्त हुने सेवा सुबिधा र उक्त सेवा सुबिधा माग गर्ने तथा उपभोग गर्ने तरिका बारेमा बस्ती स्तरमा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

ग) महिला तथा बञ्चितिकरणमा परेका समुदायको मौलिक हक र कानुनी ब्यवस्थाहरु, अन्तर्राष्ट्रिय घोषणा तथा महासन्धीहरु, दिगो बिकास लक्ष्य र लैससास बारेमा अनुशिक्षण तथा तालिमहरु बस्तीस्तरमा सञ्चालन गरिनेछ।

घ) महिला तथा बालबालिका हिंसाका प्रकारहरु, हिंसाको उपचार तथा कानुनी ब्यवस्था, हिंसा न्यूनिकरणमा स्थानिय नागरिकहरुको भूमिका र जिम्मेवारी सम्बन्धमा अभिमूखिकरण तथा सचेतनामूलक तालिमहरुको ब्यवस्था गरिनेछ।

ङ) महिला तथा बञ्चितिकरणमा परेका समुदायको लागि नेतृत्व बिकास तालिम सञ्चालन गरिनेछ।

च) बाल अधिकार, बालमैत्री परिवार र समाज स्थापनाको लागि सचेतनामूलक तालिमहरु बस्ती स्तरमा कार्यान्वयन गरिनेछ।

छ) स्थानीय तहमा सञ्चालित ब्यवसायिक प्रबिधिहरु सम्बन्धमा तालिमहरु सञ्चालन गरिनेछ।

ज) महिला तथा बञ्चितिकरणमा परेका समुदायलाई उद्यम बिकास तथा बजारीकरण तालिमहरु सञ्चालन गरिनेछ।

झ) महिला तथा बिपन्न परिवारलाई पर्यटन र होमस्टेसंग सम्बन्धित ब्यवसायिक तालिमहरु उपलब्ध गराईनेछ।

ञ) गाउँपालिकामा मनोसामाजिक परामर्शदाता, स्थानिय प्राबिधिक, सामाजिक परिचालक, स्वास्थ्य स्वयम् सेवक/सेबिका, उद्यम बिकास सहजकर्ता उत्पादन तथा परिचालनको लागि बिधि तथा योजना तयार गरी कार्यान्वयन गरिनेछ।

ट) बेरोजगार तथा बैदेशिक रोजगारमा जाने यूवाहरुको लागि सिप तालिमहरुको पहिचान गरी योग्य सेवाप्रदायकहरुद्वारा तालिमहरु उपलब्ध गराईनेछ।

### २.६.५ कार्यनीति (रणनीति २.५.३ ख संग सम्बन्धित)

**रणनीतिः** गाउँपालिका तथा सेवा प्रदायक सरोकारवाला संस्थाहरुलाई लैससास प्रति उत्तरदायी र जवाफदेही बनाउन क्षमता बिकासका क्रियाकलापहरु पहिचान गरी कार्यान्वयन गरिनेछ।

माथि उल्लेखित रणनीति अन्तरगत देहाय अनुसारका कार्यनीतिहरु कार्यान्वयन गरिनेछः

क) लैससास क्षेत्रमा रहेका कार्यक्रमहरु बस्ती स्तरमा लागू गर्न, तालिम तथा अभिमूखिकरण गर्न सक्षम जनशक्ति तयार गर्न सो सम्बन्धी प्रशिक्षक प्रशिक्षण (ToT) को सञ्चालन गरिनेछ।

ख) बिभिन्न क्षमता बिकास तालिम तथा परामर्शको लागि बिज्ञहरुको बिवरण (Roster of Experts) तयार गरी सूचना प्रणालीमा आबद्ध गरिने र आवश्यकतानुसार उपयोग गरिनेछ ।

ग) गाउँपालिकाका कर्मचारी, सेवा प्रदायक संस्था तथा योग्य ब्यक्तिहरुलाई क्षमता बिकासका बिभिन्न क्षेत्रमा तालिम उपलब्ध गराई स्रोतब्यक्तिको रुपमा उपयोग गरिनेछ ।

घ) हरेक आर्थिक बर्षमा महिला बिकासको लागि भएको बेईजिङ घोषणपत्रका बाह्रवटा प्रतिबद्धताहरुको बारेमा स्थानीय सरकारका पदाधिकारीहरु र कर्मचारीहरुलाई अभिमूखिकरण तालिम सञ्चालन गरिनेछ ।

ङ) महिलाहरुको लागि कानुनी शिक्षा सम्बन्धी तालिमहरु (जस्तै कानुनी हक अधिकार, एकल महिला र चेलीबेटी बेचबिखन बिरुद्ध कार्यक्रम, छाउपडी प्रथा बिरुद्ध कार्यक्रम, यौनहिंसा बिरुद्ध कार्यक्रम आदि बारेमा) अनुशिक्षण गर्न स्थानीय स्रोतब्यक्ति तयारी तथा परिचालन गरिनेछ ।

### २.६.६ कार्यनीति (रणनीति २.५.४ क संग सम्बन्धित)

**रणनीतिः** लैससास सम्बन्धि विभिन्न कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न विभिन्न सरकारी, दातृ निकाय एबम् गैरसरकारी निकायहरुसंग साझेदारी तथा समन्वय गरिनेछ ।

माथि उल्लेखित रणनीति अन्तरगत देहाय अनुसारका कार्यनीतिहरु कार्यान्वयन गरिनेछः

क) लैससास कार्यान्वयनको लागि यस क्षेत्रमा कार्यरत संघ संस्था तथा सरकारी निकायहरुको औपचारिक सञ्जाल तयार गरी परिचालन गरिनेछ ।

ख) लैससासको बिकासको लागि संघ, प्रदेश र अन्य गाउँ/नगरपालिकाहरुसंग समन्वय र सहकार्य गरिनेछ ।

ग) लैससासको बिकासको लागि यस क्षेत्रमा कार्य गरिरहेका गैरसरकारी संस्था तथा बिकास साझेदार र निजी क्षेत्रहरुसंग समन्वय र साझेदारीका बिधि तथा परियोजना तयार गरी कार्यान्वयन गरिनेछ ।

### २.६.७ कार्यनीति (रणनीति २.५.५ क संग सम्बन्धित)

**रणनीतिः** गाउँपालिकाको सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याङ्कन गर्ने र यसलाई संस्थागत गर्दै लगिनेछ ।

माथि उल्लेखित रणनीति अन्तरगत देहाय अनुसारका कार्यनीतिहरु कार्यान्वयन गरिनेछः

क) गाउँपालिकाको कार्यक्रम तथा परियोजना अनुगमन तथा मूल्यांकन गर्दा महिला तथा बञ्चितिकरणमा परेका समुदायको प्रतिनिधिको संलग्न सूनिस्चित गरिनेछ ।

ख) स्थानीय सरकारले सञ्चालन गरेका कार्यक्रमहरुको अनुगमन मूल्यांकन गर्दा लाभान्वित वर्गलाई पुगेको लाभ असर र प्रभाव लैससासको हिसाबले बिश्लेषण गर्ने बिधि तयार गरी लागू गरिनेछ ।

### २.६.८ कार्यनीति (रणनीति २.५.५ ख संग सम्बन्धित)

**रणनीतिः** गाउँपालिकामा लैससासको प्रभावकारी कार्यान्वयनको लागि सुशासन र उत्तरदायित्व सम्बन्धी नीति तथा कानुन निर्माण गरी लागू गरिनेछ ।

माथि उल्लेखित रणनीति अन्तरगत देहाय अनुसारका कार्यनीतिहरु कार्यान्वयन गरिनेछः

क) गाउँपालिकामा सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को अनुशिक्षण र बार्षिक रुपमा सुशासन कार्यान्वयन परीक्षणको बिधि तयार गरी लागू गरिनेछ ।

ख) गाउँपालिकाको हरेक शाखाको कार्यबिवरण लागू गरिनेछ र हरेक कर्मचारीहरुसंग बार्षिक रुपमा कार्यसम्पादन करार चालू आर्थिक बर्षको श्रावण महिनाको प्रथम हप्तामा गरिनेछ ।

ग) महिला तथा बञ्चितिकरणमा परेका समुदायको लागि तोकिएको कार्यक्रम र बिनियोजन भएको बजेट सम्बन्धित सेवाग्राहीको प्रत्यक्ष सहभागिता र स्वमित्व सूनिस्चित गरिनेछ ।

घ) सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा बञ्चितिकरणमा परेका ब्यक्ति तथा समुदायका सदस्यको उपस्थिति अनिवार्य गरिने ब्यवस्था गरी लागू गरिनेछ ।

ङ) स्थानीय रेडियो एफ एम र छापा माध्यमद्वारा समावेशीकरण तथा लैंगिक समानता सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सुसूचित गर्ने कार्य नियमित गरिनेछ ।

च) कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन कार्यसम्पादन करार र निजले प्राप्त गरेको उपलब्धीलाई दाँजेर गर्ने ब्यवस्था गरिनेछ ।

छ) सार्वजनिक चासोको बिषय कार्यान्वयन गर्दा सम्बन्धित सरोकारवाला र नागरिक समाजसंग परामर्श गरी निजहरुको सहमतिमा गरिनेछ ।

ज) गाउँपालिकामा लैससासको सवाल हरेक सार्वजनिक पदाधिकारीको प्राथमिक जिम्मेवारीको रुपमा रहेकोले सोको अवहेलना नगर्ने वातावरण तयार गर्न पदाधिकारी र कर्मचारीको आचारसंहितामा ब्यवस्था गरिनेछ ।

झ) गाउँपालिकामा लागू भएको नागरिक बडापत्रमा लैससास मैत्री ब्यवस्था थप गरी लागू गरिनेछ ।

ञ) लैससास बिकासलाई प्रभावकारी कार्यान्वयनको लागि योग्य र अनुभवी सल्लाहकार नियूक्ति गरी उपयोग गरिनेछ।

## २.७ लैससास कार्यान्वयनको लागि समितिहरु गठन, परिचालन र जिम्मेवारी

### २.७.१ गाउँपालिका लैससास कार्यान्वयन समिति गठन

यस गाउँपालिकामा निम्नानुसारको सदस्यहरु रहने गरि लैससास कार्यान्वयन समिति गठन गरिनेछः

क) गाउँपालिका अध्यक्ष ------------- संयोजक

ख) गाउँपालिका उपाध्यक्ष ------------- सदस्य

ग) गाउँपालिका सदस्यहरु (जना २ एक महिला सहित)--------- सदस्य

घ) दलित समुदायका प्रतिनिधि एक जना -------------- सदस्य

ङ) जनजाति समुदायका प्रतिनिधि एक जना ------------ सदस्य

च) सामाजिक बिकास शाखा प्रमुख ----------------- सदस्य सचिव

### २.७.२ लैससास कार्यान्वयन समितिको काम, कर्तब्य र अधिकार

लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको काम, कर्तब्य र अधिकार देहाय अनुसार हुनेछः

क) गाउँपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि आवश्यक नीति, रणनीति, कानुनी ब्यवस्थाहरुको आवश्यकता पहिचान गर्ने।

ख) गाउँपालिकाका महिला तथा बञ्चितिकरणमा परेका समुह/समुदायको खण्डीकृत तथ्याङ्क ब्यवस्थापन र अद्यावधिक गर्न कार्यमा सहजीकरण गर्ने।

ग) लैससास कार्यान्वयनको लागि संस्थागत बिकासका कार्यहरु पहिचान तथा कार्यान्वयनमा गाउँपालिकालाई सहयोग गर्ने।

घ) गाउँपालिकाको नियमित सेवा प्रवाह र बिकास निर्माणका गतिबिधिहरुमा महिला तथा बञ्चितिकरणमा परेका समुह/समुदायको क्षमता बिकास, सशक्तिकरण र अर्थपूर्ण सहभागिताको लागि आवश्यक कार्यक्रमहरु बार्षिक तथा आवधिक योजनामा समावेश तथा कार्यान्वयन गर्न सहजीकरण गर्ने।

ङ) गाउँपालिकामा लैससास सम्बन्धि कार्यक्रमहरु गर्न सरोकारवाला निकायहरुसंग समन्वय, सहकार्य र सहजीकरण गर्ने।



CTRaDe

च) गाउँपालिकाका सबै कार्यक्रमहरुमा लैससासको दृष्टिले अनुगमन, मूल्यांकन र लैससास बजेट परिक्षण कार्य गर्ने।

छ) यी माथि उल्लेखित कायृहरु गर्न कार्य योजना र बजेट सहित योजना बनाई कार्यान्वयन गर्ने र गराउने गाउँपालिका स्तरीय समितिको बैठक सामान्यतया प्रत्येक चौमासीकरुपमा बस्ने छ। वडा स्तरिय समितिको बैठक प्रत्येक ६ महिनाको एक पटक बस्ने छ। आवश्यकता अनुसार समितिको बैठक जुनसुकैवेला पनि बस्न सक्ने छ।

### २.७.३ वडास्तरीय समिति

गाँउपालिकाको प्रत्येक वडामा यस रणनीतिसँग सम्वन्धित कार्यक्रम तथा योजना कार्यन्वयनमा सहयोग गर्न एक वडा स्तरीय समिति गठन गरिनेछ। जसमा देहाय बमोजिका अध्यक्ष तथा सदस्यहरु रहने छनः

१. सम्वन्धित वडाको वडा अध्यक्ष – संयोजक

२. सम्वन्धित वडाका वडा सदस्यहरू –सदस्य

३. सम्वन्धित वडा समितिले लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने व्यक्ति वा संस्थावाट मनोनितगरेका वढीमा २ (एक जना महिला) जना सदस्यहरू – सदस्य

४. सम्वन्धित वडाको वडा सचिव – सदस्य सचिव

### २.७.४ वडा स्तरीय समितिको काम, कर्तव्य र अधिकार

लैससास कार्यान्वयनको लागि गठित वडा स्तरीय समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

१. वडा भित्रकोमहिला,तेश्रोलिङ्गी,बालबालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता, आदिवासीजनजाति, मधेशी, मुस्लिम, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा साँस्कृतिक दृष्टिले पिछडिएको समुदाय खण्डीकृत तथ्याङ्क संकलन गर्ने।

२. वडाभित्र योजना छनौट प्रकृयामा महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अल्पसंख्यक समुदायको सहभागिता अनिवार्य गर्ने।

३. . वडा भित्रको महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा साँस्कृतिक दृष्टिले पिछडिएको समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणकाको लागि कार्यक्रम वनाई गाउँपालिकामा



CTRaDe

पेश गर्ने ।

४. यस रणनीतिसँग सम्वन्धित कार्यक्रम तथा योजना कार्यन्वयनमा सहयोग गर्न क्षमता अभिबृद्धिको क्षेत्र पत्ता लगाउने र उनीहरुको कार्यक्रमलाई लैससास मैत्री बनाउन सहजीकरण गर्ने ।

### २.७.५ लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको परिचालन

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन,२०७५ अनुसार समितिमा ब्यबस्था भए बमोजिम लैससासको दृष्टिकोणबाट सकारात्मक विभेदको मान्यता राखी योजनाहरुको कार्यान्वयनमा समन्वय गर्नुका साथै अनुगमन गर्ने , महिला, बालबालिका तथा बञ्चितीकरणमा परेकाहरु कार्यक्रम कार्यान्वयनबाट कत्तिको लाभान्वित भएका छन भनेर अनुगमन गर्ने र कार्यबिधि तयार गरी सोही बमोजिम कार्यान्वयन गर्नेछ ।

### २.८ अनुगमन तथा मूल्यांकन

यस रणनीतिको सफल कार्यान्वयनको लागि रणनीतिले तोकेका क्षेत्रगत रणनीतिहरु र सो अन्तरगतका कार्यनीतिहरुको आधारमा बार्षिक तथा आवधिक योजनामा कार्यक्रमहरु समावेश गरी कार्यान्वयनको अनुगमन र उक्त कार्यक्रमहरुलाट प्राप्त भएका नतिजाहरुको मूल्यांकन गर्ने कार्य गाउँपालिका वा लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिले गर्नेछ ।

### २.९ रणनीति पूनरावलोकन र संशोधन

यस रणनीति कार्यान्वयनको क्रममा यसको प्रभावकारीता, उपयुक्तता र उपादेयताको मुल्यांकन गरी हरेक पाँच वर्षमा रणनीतिमा समसामयिक पुनरावलोकन तथा परिमार्जन एवं संशोधन गरिनेछ ।

शहिद लखन गाउँपालिका, गोरखा